# “बिद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि,२०८२”

कार्यपालिकाबाट स्वीकृत मिति: २०८२/०७/२८ गते

प्रतापपुर गाउँपालिका

प्रतापपुर गाउँकार्यपालिकाद्धारा प्रकाशित

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

## प्रतापपुर गाउँपालिका

### गाउँ कार्यपालिकाको कार्यालय

बेलाटारी, नवलपरासी (ब.सु.प)

लुम्बिनी प्रदेश,नेपाल

# बिद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन कार्यविधि, २०८२

**प्रस्तावना** : बिद्यालय तहबाटै बालबालिकालाई सन्तुलित र पोषिलो खानेकुरा खान प्रेरित गरि स्वास्थ्य जीवन शैली अभ्यस्त गराउन, वातावरण तथा व्यक्तिगत सर सफाईमा सुधार ल्याउन किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्यमा सुधार ल्याई प्रजनन् स्वास्थ्य रुग्णता कम गर्न, किशोरीहरुको महिनावारी व्यवस्थित गरी उनीहरुलाई विद्यालय जाने वातावरण सिर्जना गर्न र जटिल प्रकारका स्वास्थ्य समस्याका लागि समयमा नै प्रेषण गर्ने पद्धतिको विकास गरी ज्यान जोखिम हुनबाट बचाउन, विद्यालय तहबाट विद्यार्थीलाई स्वस्थ जीवन शैली अपनाउन उत्प्रेरित गरी समग्र विद्यालय स्वास्थ्य तथा सरसफाई प्रवर्द्धनका लागि र राष्ट्रिय स्वास्थ्य नीति, २०७६ को दफा ६५.२. जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा २४ को उपदफा १ र राष्ट्रिय शिक्षा नीति, २०७६ को दफा ६ को मर्म बमोजिम विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रमलाई व्यवस्थापन गर्न वाञ्छनिय भएकाले, प्रतापपुर गाउँपालिका बाट **बिद्यालय स्वास्थ्यकर्मी कार्यक्रम संचालन** सम्बन्धि कार्यबिधि बनाउन बाञ्छनिय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ परिच्छेद ३ दफा ११ को ख(१०) र(१७) तथा परिच्छेद १५ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि प्रतापपुर गाउँपालिकाले यो कार्यविधि बनाएको छ।

## परिच्छेद-१

## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भः** (क) यस कार्यविधिको नाम विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम सञ्चालन कार्यविधि, २०८२ रहेको छ।

(ख) यो कार्यविधि कार्यपालिकाको निर्णय भएपछी तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषाः** विषय वा प्रसङ्गते अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "विद्यालय" भन्नाले प्रतापपुर अन्तर्गतका सार्वजनिक विद्यालयलाई सम्झनु पर्नेछ साथै सो शब्दले धार्मिक प्रकृतिका विद्यालयहरुलाई समेत जनाउने छ।

(ख) सार्वजनिक विद्यालय" भन्नाले संघीय सरकार, प्रदेश सरकार वा स्थानिय तहको लगानि विधान बमोजिमको सामुदायिक विद्यालय वा अनुदानमा सञ्चालित विद्यालय सम्झनु पर्दछ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(ग) विद्यालय स्वास्थ्य कार्यक्रम" भन्नाले समस्त विद्यालयका वालवालिका, किशोर किशोरी, शिक्षक र अन्य कर्मचारीहरु को स्वास्थ्य प्रवर्धन गर्ने र स्वस्थ विद्यालय तथा सिकाइ मैत्री वातावरण सृजना गर्ने कार्यक्रम भन्ने सम्झिनु पर्दछ ।

(घ) विद्यालय नर्स भन्नाले दफा ६ बमोजिम नियुक्ति गरिएको विद्यालय नर्स भने सम्झनु पर्छ।

(ङ) "समिति" भन्नाले दफा १३ को उपदफा १ बमोजिम गठन भएको निर्देशक समिति सम्झिनु पर्दछ ।

(च) विद्यालय स्वास्थ्य इकाई" भन्नाले स्वास्थ्य सम्बन्धी कामहरु गर्न स्थापित दफा १३ को उपदफा ८ बमोजिम गठन भएको विद्यालयको स्वास्थ्य इकाई सम्झिनु पर्दछ ।

(छ) "स्थानीय स्वास्थ्य संस्था" भन्नाले विद्यालय भएको वडामा रहेका सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य प्रवर्धन केन्द्र, स्वास्थ्य चौकी, प्राथमिक स्वास्थ्य केन्द्र, अस्पताल वा त्यस्तै प्रकृतिको अन्य स्वास्थ्य संस्था सम्झिनु पर्छ ।

**३. कार्यक्रम सञ्चालनको उद्देश्यः** (१) यस कार्यविधि बमोजिम संचालन हुने विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम

कार्यान्वयनका निम्न उद्देश्यहरु रहेका छन ।

(क) विद्यालय तहबाटै वालवालिकालाई स्वस्थ जीवन शैली अपनाउन उत्प्रेरित गर्ने,

(ख) विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सेवाको पहुँच वृद्धि गर्ने,

(ग) विद्यालयमा स्वच्छ सफा र सिकाईमैत्री वातावरण तयार गर्ने,

(घ) यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य जस्ता विषयमा परामर्श सेवा प्रदान गर्ने।

(ङ) प्राथमिक उपचारात्मक सेवा उपलब्ध गराउने ।

(च) किशोर किशोरीको यौन तथा प्रजनन् स्वास्थ्य प्रवर्धन साथै महिनावारी स्वास्थ्य व्यवस्थापन गर्ने.

(छ) विद्यालय स्तरबाटै वालवालिकाहरु लाई स्वस्थ जीवन शैली अपनाउन प्रेरित गर्ने,

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(ज) व्यवहार परिवर्तनमा आधारित स्वास्थ्य शिक्षा प्रदान गर्ने,

(झ) स्वास्थ्यसंग सम्बन्धित विद्यालय कार्यक्रमहरु कार्यान्वयन गर्ने,

(ञ) विद्यालय उमेरका वालवालिकाहरुको मानसिक स्वास्थ्य प्रवर्धन गर्ने र

(ट)समयमा नै स्वास्थ्यं समस्याको पहिचान तथा रोकथाम गरी जटिलता देखिएमा समयमा नै सम्बन्धित अस्पतालमा प्रेषण गर्ने ।

(ठ) बिद्यार्थीहरुको विद्यालय छोड्ने दर (Drop out Rate) घटाउने |

**४. विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालनः** विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन देहाय बमोजिम हुनेछः -

(क) विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन र व्यवस्थापन गर्न प्रत्येक विद्यालयमा अनुसूची १ बमोजिम मुल्यांकन र छनौट गरी कम्तिमा एक जना विद्यालय नर्स राख्नु पर्नेछ | तथा अनुसूची २ बमोजिम बिद्यालय छनौट गर्नुपर्ने आधार तय भएको हुनेछ |

(ख) खण्ड (क) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक विद्यालयमा ५०० भन्दा कम विद्यार्थी रहेको अवस्थामा एउटै स्थानिय तह भित्रका पैदल दुरीको हिसाबले आधा घण्टामा पुग्न सकिने अर्को ५०० भन्दा कम विद्यार्थी संख्या भएको बिद्यालय गरी बढीमा दुई विद्यालय हेर्ने गरी एक विद्यालय नर्स राख सकिने छ |

(ग) कार्यक्रम संचालन गर्न प्रतापपुर गाउँपालिकाको कार्यालय र कार्यक्रम संचालन गर्ने स्कुल संग गर्नु पर्नेछ, अनुसूची ३ बमोजिम सम्झौता गरी गरिनेछ |

(घ) यस कार्यक्रम संचालन गर्न अनुसुची-४ बमोजिमको आवश्यक औषधी तथा औषधीजन्य सामाग्रीको खरिद स्थानीय तह को स्वास्थ्य शाखाले गर्नुपर्नेछ र सो सामाग्री अपुग भएको अवस्थामा स्थानीय तहले नै व्यवस्था गर्नुपर्नेछ, साथै विद्यालय स्वास्थ्य ईकाइका संचालनका लागि आवश्यक पूर्वाधारको व्यवस्था विद्यालयले गर्नुपर्नेछ |

(ङ) कार्यक्रम संचालन गर्न प्रतापपुर गाउँपालिकाको स्वास्थ्य शाखा/इकाईमा कार्यरत नर्सिङ्ग अधिकृत वा नर्सिङ्ग कर्मचारीलाई जिम्मेवारी तोक्नु पर्नेछ। नभएको खण्डमा स्वास्थ्य शाखा प्रमुख जिम्मेवारी तोक्नु पर्नेछ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

**५. निजि लगानिका विद्यालयहरुमा विद्यालय स्वास्थ्य कार्यक्रमको संचालन :**

(१) निजि लगानिका विद्यालयको हकमा प्रतापपुर गाउँपालिका संगको समन्वयमा तोकिएको मापदण्ड अनुरुप विद्यालय नर्सको व्यवस्था विद्यालय आफैले गर्नुपर्नेछ ।
(२) उपदफा (१) बमोजिम व्यवस्था गरिएका नर्सका लागि आवश्यक तालिम, औषधी उपकरण लगायतको प्राविधिक सहयोगको जिम्मेवारी सम्बन्धित विद्यालयको हुने छ । यस सम्बन्धमा प्रतापपुर गाउँपालिकाको सहकार्यमा प्राविधिक सहयोग गर्न सकिने छ।
(३) उपदफा (२) बमोजिम विद्यालय नर्सको व्यवस्था र औषधी तथा औषधीजन्य सामान आपूर्ति गरेको आधारमा निजि लगानिका विद्यालयहरुले अतिरिक्त शुल्क पाउने लिन पाइने छैन ।

**परिच्छेद-२**

**विद्यालय नर्स सम्बन्धी व्यवस्था**

**६. विद्यालय नर्सको छनौटः** विद्यालय नर्सको छनौट सम्बन्धि व्यवस्था देहाय बमोजीमको हुनेछ ।

(क) स्थायी दरबन्दी सृजना नभए सम्म प्रतापपुर गाउँपालिकाले करार सेवामा विद्यालय नर्समा अ.न.मि. वा स्टाफ नर्स नियुक्ती गर्न सक्ने छ । विद्यालय नर्स नियुक्ती गर्नको लागि अनुसूची ५ बमोजिमको डाँचामा कम्तिमा पन्ध्र दिनको म्याद राखी प्रतापपुर गाउँपालिकाले विज्ञापन प्रकाशन गर्नु पर्नेछ |

(ख) उम्मेदवारले अनुसूची ६ बमोजिमको दरखास्त फाराम भरी सम्बन्धित स्थानीय तहमा तोकिएको म्याद भित्र निवेदन पेश गर्नुपर्नेछ,

(ग) निवेदन दस्तुर प्रतापपुर गाउँपालिकाले तोके बमोजिम हुनेछ |

(घ) खण्ड (ख) बमोजिम भर्न आएका निवेदनहरु उपर प्रतापपुर गाउँपालिकामा रहेको पदपूर्ति समितिले मुल्यांकन गरी छनौट गर्नु पर्नेछ |

(ङ) सम्बन्धित स्थानीय तहको पदपूर्ति समितिले योग्यता क्रमको आधारमा उम्मेदवारको नामको सूची र विद्यालयको नाम प्रकाशन गर्नुपर्नेछ ।
(च) उम्मेदवारको उमेर हद : स्वास्थ्य ऐन २०५३ तथा स्थानीय निजामती सेवाको गठन,संचालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन-२०८१ दफा १९ उपदफा ५ बमोजिमको उमेर हद कायम हुनेछ |

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

**७. करार गर्ने र करार अन्त्य गर्ने:** करार गर्ने र करार अन्त्य गर्ने सम्बन्धि व्यवस्था देहाय वमोजिमको हुनेछः -

(क) सिफारिस गरेको मुख्य उम्मेदवारलाई सात दिनको म्याद दिई प्रतापपुर गाउँपालिकाले करारनामा गर्न सुचना प्रकाशन गर्नुपर्नेछ |

(ख) खण्ड (क) बमोजिमको अवधि भित्र करार सम्झौता गर्न सिफारिस भएको उम्मेदवारसंग अनुसूची ७ बमोजिमको ढाँचामा करार सम्झौता गर्नु पर्नेछ। उक्त अवधि भित्र छनौट भएको व्यक्ति सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार सम्झौता गर्न सक्नेछ |

(ग) करार सम्झौता गर्दा काम गर्ने सुरु मिति र अन्त्य हुने मिति समेत उल्लेख गर्नुपर्नेछ |

(घ) एक आर्थिक वर्षको निम्ति करारमा लिएको विद्यालय नर्सलाई अर्को वर्ष निरन्तरताको लागि निर्देशक समितिले गरेको कार्य सम्पादन मूल्यांकनको आधारमा सन्तोषजनक देखिएमा नविकरण गर्न सकिने छ । विद्यालय नर्सको कार्य सन्तोषजनक नदेखिएमा सफाईको मौका दिई निजले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा जुनसुकै समयमा पनि सम्बन्धित स्थानीय तहले निज सँगको करारनामा अन्त्य गर्न सक्ने छ |

(ङ) विद्यालय नर्सले करार निरन्तरता गर्न नचाहेमा कम्तिमा एक महिना अगाडी विद्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ। यसरी जानकारी नगराई काम छाडेमा त्यस्तो व्यक्तिलाई सम्बन्धित स्थानीय तहमा पुनः सोही कामको लागि करारमा काम गर्ने अवसर दिइने छैन |

(च) अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**८. विद्यालय नर्सको काम, पारिश्रमिक,बिदा र क्षमता अभिवृद्धि :**

(क) विद्यालय नर्सको काम र कर्तव्य संघीयको विद्यालय स्वास्थ्य तथा नर्सिङ् सेवा निर्देशिका, २०७६(दफा ८ को उपदफा (क) सँग सम्बन्धित) अनुसारको पनि थप जिम्मेवारी हुनेछ |

(ख) यस निर्देशिका बमोजिम करार सम्झौता गरिएका विद्यालय नर्सको मासिक पारिश्रमिक करार सम्झौतामा उल्लेख भए वमोजिम हुनेछ |

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(ग) विद्यालय नर्सले महिना भरि गरेका कामको मासिक प्रतिबेदन, हाजिर प्रमाणित गरि विद्यालयले समबन्धित स्थानीय तहलाई पठाएपछि स्थानीथ तहले तलब भता बराबरको रकम बिद्यालय नर्सको बैंक खातामा जम्मा गर्नुपर्नेछ ।

(घ) खण्ड (ख) बमोजिम नियुक्त गरिएका विद्यालय नर्सको अभिमुखीकरण तालिम स्वास्थ्य कार्यालयको समन्वयमा प्रतापपुर गाउँपालिकाले संचालन गर्नुपर्नेछ |

(ङ) विद्यालय नर्सको कार्यक्षेत्रसंग सम्बन्धित क्षमता विकाससँग सम्बन्धित तालिममा विद्यालय नर्सलाई सहभागी गराउनु पर्नेछ। विद्यालयले विद्यालय स्वास्थ्यकर्मीलाई आवश्यकता अनुसार क्षमता विकासका लागि सम्बन्धित तालिममा पठाउनु पर्नेछ।

(च) विद्यालय नर्सले प्रचलित कानून बमाजिमको प्रसुती बिदा, आ-आफ्नो धर्म संस्कार अनुसार किरिया विदा साथै एक वर्षमा भैपरी र पर्व विदा जम्मा बाह्र दिन पाउने छ। भैपरी र पर्व बिदा सम्बन्धित विद्यालयको प्र.अ.ले स्वीकृत गर्ने र अन्य बिदाको हकमा सम्बन्धित स्थानीय तहले स्वीकृत गर्न सक्ने छ । त्यस प्रकृतिको विदा प्रत्येक वर्षको चैत्र मसान्तभित्र खर्च नभएमा संचित हुने छैन।

(छ) करार सेवाका कर्मचारी बिदा बसेकै अवस्थामा करारको म्याद समाप्त भएमा म्याद समाप्त भएपछीको कुनै सेवा सुविधा उपलब्ध गराउने छैन।

(ज) विद्यालयमा लामो बिदा (हिउँदे/बर्षे/जाडो/गर्मी) भएको समयमा सम्बन्धित स्थानीय तहले विद्यालय नर्सलाई आवश्यकता अनुसार आफू मातहतको स्वास्थ्य संस्थामा खटाउन / परिचालन गर्न सक्नेछ। संस्थागत विद्यालयको हकमा भने करार सम्झौता बमोजिम हुनेछ ।

(झ) कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालनका लागि व्यवस्थापकीय भूमिका निर्वाह गर्ने,

(ञ) विद्यालय स्वास्थ्यकर्मीले स्वास्थ्य सम्बन्धी प्रवर्धनात्मक, प्रतिरोधात्मक, उपचारात्मक र पोषण सेवा उपलब्ध गराउनु पर्ने |

(ट) छनोट भएको विद्यालयको अतिरिक्त आवश्यकता अनुसार स्थानीय तहले खटाएको अन्य विद्यालयमा समेत विद्यालय स्वास्थ्यकर्मीको रुपमा कामकाज गर्नुपर्ने |

(ठ) विद्यालयमा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्नका लागि विद्यार्थीको अभिभावकसँग आवश्यक परामर्श र मंजुरिनामा लिनु पर्ने |

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(ङ) विद्यार्थी/शिक्षक/कर्मचारीलाई थप उपचार आवश्यक भएमा अनिवार्य रुपमा प्रेषण पूर्जा भरेर सम्बन्धित स्वास्थ्य संस्थामा पठाउनु पर्ने।

## परिच्छेद ३

## अभिलेखीकरण अनुगमन र मुल्यांकन

९. <u>अभिलेखीकरण</u> : यस कार्यक्रमको अभिलेखीकरण, अनुगमन र मूल्यांकन सम्बन्धी व्यवस्था देहाय बमोजिमको हुनेछ :-

(क) विद्यालय नर्सले आफूले गर्नु पर्ने काम र विद्यार्थीको स्वास्थ्य सम्बन्धी अभिलेख अनुसूची ८ बमोजिम अद्यावधिक गराई राख्न पर्नेछ ।

(ख) प्रत्येक महिनाको ७ गते भित्र अनुसूची ९ बमोजिमको ढाँचामा अघिल्लो महिनाको प्रतिवेदन तयार गरी विद्यालय नर्सले सम्बन्धित विद्यालय मार्फत स्थानिय तहलाई बुझाउनु पर्नेछ ।

(ग) दफा (५) बमोजिम व्यवस्था गरिएका नर्सले समेत दफा (९) को खण्ड (क) बमोजिम अभिलेख अद्यावधिक गराई राख्नु पर्नेछ र उपदफा (ख) बमोजिम प्रतिवेदन तयार गरी स्थानिय तहलाई बुझाउनु पर्नेछ ।

(घ) बिद्यालय नर्स बाट प्राप्त प्रतिबेदन Integrated Health Information Management Systems (IHMIS)/ Integrated Educational Management Information System (IEMIS) मा बुझाउनु पर्नेछ ।

१०. विद्यालय नर्सद्वारा सम्पादित कामहरुको अनुगमन र मूल्याकंन निर्देशक समितिले गर्नेछ ।

११. दफा १३ को उपदफा (१) बमोजिम गठित निर्देशक समितिले विद्यालय स्वास्थ्य कार्यक्रमको आवश्यकता अनुसार अनुगमन र सुपरिवेक्षण गर्न सक्नेछ ।

१२. नियमित रुपमा हुने स्थानीय स्वास्थ्य संस्थाहरुको समीक्षा कार्यक्रम हुँदा विद्यालय स्वास्थ्य कार्यक्रमको पनि अनिवार्य समिक्षा गर्नुपर्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

## परिच्छेद ४
## समितिहरु

**१३. समितिहरुको गठनः** विद्यालय स्वास्थ्य कार्यक्रम संचालन र व्यवस्थित गर्न प्रतापपुर गाउँपालिकामा निर्देशक समिति, र विद्यालय स्वास्थ्य नर्स पदपूर्ति समिति तथा विद्यालय स्वास्थ्य इकाइ गठन गरिने छ ।

**(क) निर्देशक समितिको गठनः** (१) विद्यालय स्वास्थ्यकमी कार्यक्रमलाई प्रभावकारी ढंगले कार्यान्वयनका लागि नीतिगत मार्गदर्शन, समन्वय र अनुगमन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | |
|---|---|
| (क) गाउँपालिका अध्यक्ष | - संयोजक |
| (ख) गाउँपालिका उपाध्यक्ष | - सदस्य |
| (ग) सामाजिक बिकाश समिति संयोजक | - सदस्य |
| (घ) शिक्षा तथा खेलकुद विकास शाखा प्रमुख | - सदस्य |
| (ङ) स्वास्थ्य शाखा प्रमुख | - सदस्य |
| (च) आर्थिक प्रशासन शाखा प्रमुख | - सदस्य |
| (छ) प्रतापपुर गाउँपालिकाको कार्यालय प्रमुख (प्रमुख प्रशासकीय अधिकृत) | - सदस्य सचिव |

(२) समितिले आवश्यकता अनुसार विषय विज्ञलाई सो समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ|

(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ।

**(४) निर्देशक समितिको काम र कर्तव्य**

(क) विद्यालय स्वास्थ्य सम्बन्धी नीति तथा योजना तर्जुमा गर्ने साथै आवश्यकता अनुसार मापदण्ड, निर्देशिका, कार्यविधि तर्जुमा गर्न परामर्श प्रदान गर्ने,

(ख) कार्यक्रम कार्यान्वयनका लागि राय परामर्श प्रदान गर्ने तथा कार्यक्रम संचालनमा कुनै अन्यौल आएमा त्यसलाई सहजीकरण र समाधान गर्ने ।

(ग) विद्यालय स्वास्थ्य सेवा सञ्चालनको लागि आवश्यक सामाग्री, औषधि, तालिम लगायतको विषयमा विद्यालय संग समन्वय र सहजीकरण गर्ने,

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

(घ) विद्यालय स्वास्थ्य कार्यक्रमलाई प्रभावकारी बनाउन आवश्यक सुधारका लागि सम्बिन्धत विद्यालय लाई सुझाव दिने तथा विद्यालय स्वास्थ्य सेवा सञ्चालनको क्रममा आएका समस्या लाई समाधान र सहजीकरण गर्ने,

(ङ) यस निर्देशिका अनुरुप सञ्चालित बिद्यालय स्वास्थ्य सेवाको नियमित अनुगमन र मूल्यांकन गर्ने ।

(च) विद्यालय नर्सलाई काम गर्न अनुकुल वातावरण को सृजना गर्ने |
(छ) छनोट समितिका कार्यमा आवश्यक सहजीकरण गर्ने |

**<u>(५) विद्यालय व्यवस्थापन समितिको भूमिकाः</u>** प्रत्येक विद्यालयको व्यवस्थापन समितिले विद्यालय स्वास्थ्य कार्यक्रमको सञ्चालन र व्यवस्थापनमा निम्न भुमिका खेल्नु पर्ने छ ।

(क) आफ्नो विद्यालयमा स्वास्थ्य सेवाका लागि सहजीकरण र समन्वय गर्ने।

(ख) आवश्यक अनुसार औषधि, उपकरणको र औषधिजन्य सामानहरुको सुनिश्चित गर्ने।

(ग) विद्यालयमा सुर्तिजन्य पदार्थ, मदिराजन्य पदार्थ, जंक फुड लगायतका अखाद्य पदार्थ, अत्यधिक चिनीयुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण, स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय लगायतका स्वास्थ्य मैत्री पुर्वाधार भए नभएको सन्दर्भमा आएका सुझावलाई कार्यान्वयन गर्ने र बालबालिका मैत्री विद्यालय वातावरण निर्माण गर्ने।

**<u>(६) विद्यालय तथा स्वास्थ्यकर्मी छनोट समितिः</u>** (१) कार्यक्रम सञ्चालन हुने विद्यालय छनोटका लागि देहाय बमोजिमको छनोट समिति रहनेछ |

| | |
|---|---|
| (क) प्रतापपुर गाउँपालिका कार्यालय प्रमुख (प्र.प्र.अ) | - संयोजक |
| (ख) सम्बन्धित बिषय बिज्ञ | – सदस्य |
| (ग) स्वास्थ्य शाखा प्रमुख | – सदस्य |
| (घ) शिक्षा बिकाश तथा खेलकुद शाखा | - सदस्य |

(२) समितिले आवश्यकता अनुसार सो समितिको बैठकमा अन्य सदस्य आमन्त्रण गर्न सक्नेछ ।
(३) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

**<u>(७) छनौट समितिको काम र कर्तव्य र अधिकार :</u>** उपदफा (६) को (१) बमोजिम गठित समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

उमेश चन्द्र यादव
अध्यक्ष

क) बिद्यालय स्वास्थ्यकर्मी कार्यकमसंचालन गर्न चाहने बिद्यालयहरुबाट प्राप्त आबेदनहरुको अध्ययन गर्ने

ख) कार्यविधिमा तोकिएका मापदण्ड अनुसार बिद्यालयहरुको मुल्याइन गर्नें |

ग) मुल्यांकनबाट प्राप्त नामावलीलाई अन्तिम छनोटका लागि निर्देशक समिति समक्ष पेश गने |

घ) निर्देशक समितिबाट छनोट भएका विद्यालयहरुमा विद्यालय स्वास्थ्यकर्मी छनोटका कार्यहरु गनें |

ङ) छनोट समितले सफल उम्मेद्वारलाई नियुक्तिका लागि प्रतापपुरको कार्यालयमा सिफारिस गर्ने |

च) कार्यकमको प्रभावकारीता समवन्धमा अध्ययन अनुमगन गर्ने |

छ) निरर्देशक समितिले न्दिेंशन गरे वमोजिमका अन्य कार्यहरु गर्ने |

**(८) छनोटका आधार :** (१) छनोट समितिले यस कार्यविधिको अनुसूची २ मा उल्लेखित आधार र मापदण्ड अनुसार विद्यालयको छनोट गर्नेछ ।

(२) उपदफा (८)को (१) वमोजिम विद्यालय छनोट गर्दा समान प्रकुक्तिका कार्यक्रम सञ्चालन भैरहेका ब्रियालयमा दोहोरो पर्ने गरी बिद्यालय छनोट गरिने छैन ।

**(९) विद्यालय स्वास्थ्य इकाई:** (१) विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गर्नका लागि देहाय बमोजिमको विद्यालय स्वास्थ्य इकाई रहने छ |

(क) सम्बन्धित विद्यालयको प्रधानाध्यापक - संयोजक

(ख) महिला शिक्षक एक जना (प्र.अ. ले तोकेको) - सदस्य

(ग) माध्यमिक तहका छात्र र छात्रा २ जना (माथिल्लो कक्षा

बाट विद्यालय स्वास्थ्य इकाईले छनौट गरेका) - सदस्य

(घ) सम्बन्धित विद्यालयमा स्वास्थ्य सम्बन्धि विषय अध्यापन गराउने शिक्षक - सदस्य

(ङ) प्रतिनिधि अभिभावक संघ (१) जना - सदस्य

(च) विद्यालय नर्स - सदस्य सचिव

**(१०) काम र कर्तव्य:** उपदफा (९) को (१) बमोजिम गठित समितिको काम र कर्तव्य देहाय बमोजिम हुनेछ:-

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणित

(क) विद्यालयमा सञ्चालन गर्नु पर्ने स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा गर्ने,
(ख) विद्यालयमा स्वास्थ्य सेवा प्रवाह गर्न आवश्यक पर्ने उपकरण लगाएत औषधिको व्यवस्था गर्न विद्यालय व्यवस्थापन समिति समक्ष पेश गर्ने,
(ग) विद्यार्थीहरुलाई विभिन्न समुहमा स्वास्थ्यसँग सम्बन्धित कृयाकलापहरु गर्न सहजीकरण गर्ने,
(घ) विद्यालयको योजना कार्यक्रम र क्यालेण्डर बनाउँदा विद्यालय स्वास्थ्य सेवा सम्बन्धी कार्यक्रम भए नभएको विषयमा सुनिश्चितता गर्ने,
(ङ) आवश्यकता अनुसार बैठक बसी स्वास्थ्य सेवा सम्बन्धी अन्य कार्यहरु गर्ने ।

**१४. विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्वाधार, औषधि र उपकरणः** विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्वाधार, औषधि र उपकरण अनुसुची ३ बमोजिम हुनेछ ।

**१५. विद्यालयको भूमिकाः** (१) विद्यालय स्वास्थ्यकमी कार्यक्रमका लागि छनौट भएका विद्यालयको भूमिका देहाय बमोजिम हुनेछ-

(क) कार्यालयबाट सिफारिस भई आएका विद्यालय स्वस्थ्यकर्मीलाई विद्यालयमा हाजिर गराई कामकाजमा लगाउने,

(ख) विद्यालयमा प्राथमिक उपचार सम्बन्धी सामग्रीहरुको उचित व्यवस्थापन गर्ने,

ग) मासिक रुपमा कार्यक्रमको प्रगति विवरण प्रतापपुर गाउँपालिकाको स्वास्थ्य शाखामा पठाउने ।

घ) निर्देशक समितिले दिएका निर्देशनहरु पालना गर्ने ।
(ङ) स्वास्थ्य शाखा लाई आवश्यक परेको खण्डमा स्वास्थ्य संस्थामा बिद्यालय स्वास्थ्यकर्मी लाई पठाउदा सजिलै रुपले समन्वय र सहजीकरण गरी स्वास्थ्य संस्थामा पठाउने |

**१६. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालन गर्दा कुनै बाधा अड्काउ उत्न भएमा गाउँपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन सकनेछ ।

**१७. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सकने :** प्रतापपुर गाउँपालिकाको कार्यालयले आवश्यकता अनुसार अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(दफा ४ को (क) सँग सम्बन्धित)

अनुसूची- १

# विद्यालय नर्सको छनौट प्रक्रिया

## १. विद्यालय नर्सको योग्यता

क) नेपाली नागरिक भएको हुनुपर्ने

(ख) न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ विषयमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण गरेको

(ग) ४५ वर्ष ननाघेको

(घ) नेपाल नर्सिङ परिषदमा दर्ता भएको (Staff nurse/A.N.M)

(ङ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको

(च) सम्बधित स्थानीय तहका उम्मेदवारलाई प्राथमिकता दिइने छ ।

## २. विद्यालय नर्सको छनौट प्रक्रिया

(क)विद्यालय नर्सको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ

| क्र.स | छनौट प्रक्रियाहरु | पूर्णाङ्ग |
|---|---|---|
| १ | लिखित परिक्षा | ५० |
| २ | शैक्षिक योग्यता | १५ |
| | विशिष्ट श्रेणी (१५) | |
| | प्रथम श्रेणी (१०) | |
| | दोस्रो श्रेणी र तृतीय श्रेणी (५) | |
| ३ | बसोबास को आधारमा | ५ |
| | सम्बन्धित स्थानीय तहको बासिन्दा भएमा (५) | |
| | सम्बन्धित जिल्ला बासिन्दा भएमा (३) | |
| | सम्बन्धित प्रदेशको बासिन्दा भएमा (२) | |
| ४ | अन्तर्वार्ता | ३० |
| ५ | जम्मा | १०० |

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

(१) लिखित परीक्षा वस्तुगत प्रश्नमा आधारित ५० पूर्णाङ्कका हुनेछ । परीक्षाको पाठ्यक्रम लोक सेवाआयोगले स्टाफनर्स पदको लागि तयार गरेको पाठ्यक्रम नै विद्यालय नर्सको छनौट प्रयोजनको लागि पाठ्यक्रम हुनेछ । लिखित परीक्षाको उत्तिर्णङ्क ४० प्रतिशत हुनेछ । लिखित परीक्षमा उत्तिर्ण हुने उम्मेद्वारलाई मात्र बाँकी छनौट प्रकृयामा संलग्न गराइने छ ।

(२) शैक्षिक योग्यता, बसोबास र अन्तर्वार्ताको आधारमा माथि तालिका मा उल्लेख गरिए बमोजिमको अनुपातमा अंक प्रदान गरिने छ ।

(३) अन्तरवार्ताको अंक प्रदान गर्दा न्यूनतम बाह्र र अधिकतम एक्काइस को सीमाभित्र रही प्रदान गर्नुपर्ने छ । सो भन्दा बढी वा घटी अंक प्रदान गरेको खण्डमा औचित्य पुष्टि हुने कारण उल्लेख गर्नु पर्ने छ।

**(दफा ४ को (क) सँग सम्बन्धित)**

**अनुसूची- २**

**विद्यालय छनोट सम्बन्धी मापदण्ड**

| क्र.स | बिद्यालय छनोटका अधार | सूचक | अंकको वर्गीकरण | कैफियत |
|---|---|---|---|---|
| | | **तराईमा** | | |
| १ | बिद्यार्थी संख्या | ७०० भन्दा कम | १५ अंक | |
| | | ७०० - १००० | २० अंक | |
| | | १००० – १२०० वा सो भन्दा माथि | २५ अंक | |
| २ | किशोरी संख्या प्रतिशत | ४० प्रतिसत वा सो भन्दा कम | १५ अंक | |
| | | ४० प्रतिशत भन्दा माथि | २० अंक | |

१. संघ तथा प्रदेश तहवाट विद्यालय नर्स नियुक्ति नभएका र कार्यक्रम सञ्चालन नभएका विद्यालय ।

२. कुनै पनि निकाय तथा गैर-सरकारी संस्थाबाट विद्यालय स्वास्थ्य तथा विद्यालय नर्स सम्बन्धी कार्यक्रम सञ्चालन नभएका विद्यालय ।

३. माथि उल्लेखित सूचक र अंकको आधारमा सब भन्दा बढी अंक प्राप्त गरेको बिद्यालयमा बिद्यालय नर्स कार्यक्रम सुचारु गरिनेछ |

उमेश चन्द्र यादव

अध्यक्ष

प्रमाणित

(दफा ४ को (ग) सँग सम्बन्धित)

## अनसूची- ३

## स्थानीय तह र विद्यालय बीचको सम्झौताको ढाँचा

लिखितम...... जिल्ला........... गाउँपालिका यसपछि प्रथम पक्ष भनिएको र........ विद्यालय............ (यसपछि दोस्रो पक्ष भनिएको) बीच भएको यस सम्झौता पत्र अनुसार देहायका शर्तको अधीनमा रही सेवा उपलब्ध गराउन दुवै पक्षको अधिकार प्राप्त अधिकारीको संयुक्त दस्तखत गरी सम्झौता गरी दुवै पक्षले एक/एक प्रति दियों/लियों।

### सम्झौताका शर्त

१. विद्यालय नर्सको नियुक्ति गर्ने, तलब भत्ता, वृत्ति विकास तथा सेवा सुविधा सम्बन्धी व्यवस्था सरकारी विद्यालयको हकमा स्थानीय तहले गर्ने र निजी विद्यालयको हकमा यो जिम्मेवारी दोस्रो पक्षको हुने छ र सोको नियमन प्रथम पक्षले गर्ने छ ।

२. विद्यालय स्वास्थ्य ईकाइका लागि आवश्यक पूर्वाधार दोस्रो पक्षले मिलाउनुपर्ने छ ।

३. स्वच्छ खानेपानी, किशोर किशोरीमैत्री शौचालय, फोहोरमैला व्यवस्थापन दोस्रो पक्षले तथा अनुसूची ४,८ र ९ बमोजिमका अन्य आवश्यक सामग्री तथा उपकरणको व्यवस्थापन प्रथम पक्षले गर्नुपर्ने छ।

४. दोस्रो पक्षले समय समयमा विद्यार्थीहरुको स्वास्थ्यको प्रगति विवरण प्रथम पक्षलाई उपलब्ध गराउनुपर्ने छ

५. प्रथम पक्षले विद्यालय स्वास्थ्य ईकाइले प्रदान गर्ने स्वास्थ्य सेवा तथा सो ईकाइको व्यवस्थापनको नियमित अनुगमन, मूल्यांकन तथा नियमन गर्नुपर्ने छ ।

६. विद्यालय नर्सले प्रचलित कानुन बमाजिमको प्रसूति बिदा, आ/आफ्नो धर्म संस्कारअनुसार किरिया बिदाका साथै एक वर्षमा भैपरी र पर्व बिदा गरी १२ दिन पनि पाउने छ।

७. सम्बन्धित विद्यालय नर्स विद्यालयको प्रधानाध्यापकको प्रत्यक्ष निर्देशनमा रही काम गर्नुपर्ने छ । साथै स्थानीय तहको स्वास्थ्य शाखा प्रमुखको समन्वयमा रही कामकाज गर्नुपर्ने छ ।

८. दुवै पक्षको समझदारीमा शर्तहरु फेरबदल गर्न सकिने छ ।

**प्रथम पक्ष**

स्थानीय तहको तर्फ बाट
प्रमुख प्रशासकीय अधिकृत
नाम
सहि
कार्यालय
छाप

**दोस्रो पक्ष**

बिद्यालय को तर्फ बाट
प्रधानाध्यापक
नाम
सहि
विद्यालयको नाम
छाप

**साक्षी**

**प्रथम पक्षको तर्फबाट**
१.
२.

**दोस्रो तहको तर्फ बाट**
१.
२.

इस्वी सम्बत ................साल ........................महिना ..............गते .........रोज शुभम

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

(दफा ४ को (घ) संग सम्बन्धित)

अनुसूची- ४

## विद्यालय स्वास्थ्य इकाईको भौतिक पुर्वाधार, उपकरण र औषधिजन्य सामानहरु

कार्यकक्ष व्यवस्थापन

> कुर्सि-३, टेबल-२, ल्यापटप (इन्टरनेट सुबिधा सहित) १, दराज-२, बेन्च -१

> सुचानापाटि -१, स्वास्थ्य शिक्षा सामग्री र प्रदर्शन बोर्ड

> कपडा राख्ने Rack र ह्यांगर-१, आवश्यकता अनुसार अन्य कपडा आदी

> हात धुने सुबिधा

> स्टेसनरी आवश्यकता अनुसार, लग बुक, रजिस्टर

> पर्दा तथा अन्य सामग्री आवश्यकता अनुसार विद्यालयले थपघट गर्न सक्नेछन

क्लिनिक Set up :

| Equipment | Required quantities | Remarks |
|---|---|---|
| Examination bed with mattress and pillow | 1 | |
| Sick room with bed with mattress blankets and pillow | 1 | |
| Foot step | 1 | |
| Weight machine | 1 | |
| Height machine | 1 | |
| Torch light | 1 | |
| Measuring tape (MUAC) | 1 | |
| Knee hammer | 1 | |
| Snellen chart | 1 | |
| Tunning fork | 1 | |
| First aid kit with basic medicine , first aid charts | 1/1 | |
| Sanitary pads (dignified menstrual hygiene set ) | As needed | |

उमेश चन्द्र यादव

अध्यक्ष

प्रमाणीकरण

**(दफा ६ को (क) सँग सम्बन्धित)**

अनुसूची-५

करारमा सेवामा लिने सम्बन्धी सूचनाको ढाँचा

(सुचना प्रकाशित मितिः (...............)

यस.............. पालिकाको............. "विद्यालय स्वास्थ्यकर्मी कार्यक्रम" अन्तर्गत देहाय बमोजिमका विद्यालयमा रहने गरी विद्यालय नर्स को रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले पन्ध्र मा राजस्व तिरेको रसिद सहित दिनभित्र........... बजेसम्म........... वैको खांता नः................मा राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स | स्थानीय तहको नाम | विद्यालयको नाम | संख्या | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |

**न्यूनतम शैक्षिक योग्यताका र अनुभव**

(क) नेपाली नागरिक,

(ख) न्यूनतम शैक्षिक योग्यताः नेपाल सरकारवाट मान्यता प्राप्त शिक्षण संस्थाबाट नर्सिङ्ग विषयमा अ.न.मि. वा स्टाफ नर्स प्रमाण-पत्र तह उत्तीर्ण गरेको,

(ग) ४५ वर्ष ननाघेको,

(घ) नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको,

(च) स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइनेछ|

(छ) अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

(ज) दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु :-

(१)उम्मेदवारको व्यक्तिगत विवरण,

(२)शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपिहरू

(३)नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(४)प्रचलित नेपालको कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपि संलगन हुनुपर्नेछ ।

पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयम्ले हस्ताक्षर गरि प्रमाणित गर्नु पर्नेछ । छनौट लिखित,शैक्षिक योग्यता ,स्थानीयता,र अन्तर्वार्ताको आधारमा गरिनेछ ।

उमेश चन्द्र यादव

प्रमाणीकरण

**दफा ६ को (ख) संग सम्बन्धित**

**अनुसूची-६**

**करारको लागि दरखास्त फारमको ढांचा**

..............पालिका

| हालसालै खिचेको पासपोर्ट साइजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फारममा पर्ने गरि उम्मेदवारको दस्तखत |
|---|

(क) व्यक्तिगत विवरण

| | | | | |
|---|---|---|---|---|
| | नाम थर: | (देवनागरीमा) | | |
| | | (अंग्रेजी ठुलो अक्षरमा ) | | लिंग: |
| | नागरिकता नं. | | जारि गर्ने जिल्ला:- | मिति: |
| स्थायी ठेगाना | क) जिल्ला | ख) न.पा./गा.वि.स | ग) वडा नं. | स्थायी ठेगाना : |
| | घ) टोल | ङ) मार्ग र घर नं | च) फोन नं. | छ) टोल |
| पत्राचार गर्ने ठेगाना | | | | ईमेल : |
| बाबुको नाम ,थर:<br>आमाको नाम थर : | जन्म मिति : (वि.स.मा.) | | | |
| बाजेको नाम थर : | हालको उमेर : | | | |

(ख) शैक्षिक योग्यता र तालिम (दरखास्त फारम भरेको पदको लागि चाहिने आवस्यक न्युनतम शैक्षिक योग्यता र तालिम मात्र उल्लेख गर्ने )

| आवस्यक न्युनतम योग्यता | विश्व बिद्यालय र बोर्ड तालिम दिने संस्था | शैक्षिक उपाधि र तालिम | संकाय | श्रेणी/प्रतिशत | मूल बिषयहरु |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(ग) प्राथमिकताको आधारमा कम गर्न चाहेको ३ वटा बिद्यालयहरुको नाम

| क्र.स | बिद्यालय को नाम | ठेगाना |
|---|---|---|
| | | |
| | | |
| | | |

उमेश चन्द्र यादव

अध्यक्ष

प्रमाणीकरण

मैले यस दरखास्त खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको सुचनाको लागि अयोग्य ठहरिने गरि कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटि वा लुकाएको ठहरिएमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउँला । उम्मेदवारले पालना गर्ने भनि प्रचलित कानुन तथा यस दरखास्त फारमका पृष्ठहरुमा उल्लेखित सबै सर्त तथा नियमहरु पालना गर्न मन्जुर छु । साथै करारमा उल्लेखित सर्तहरु पूर्ण रुपमा पालना गर्नेछु र करारको समय भन्दा अगावै करारको अन्त्य गर्दा कम्तिमा एक महिनाको पुर्व सुचना दिई कार्यालयमा निवेदन दिनेछु ।

| उम्मेदवारको ल्याप्चे सही छाप | | उम्मेदवारको दस्तखत |
|---|---|---|
| दायाँ | बायाँ | मिति : |
| कार्यालयले भर्ने | | |
| दरखास्त अस्वीकृत भए सो को कारण | | |
| रसिद/भौचर नं. | | रोल नं. |
| दरखास्त रुजु गर्ने को नाम र दस्तखत:<br>मिति: | | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखत :<br>मिति : |

**नोट**: दरखास्त साथ् सुचनामा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरि पेश गर्नु पर्नेछ ।

(१) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

(२) समक्ष्ता र सम्बद्ध आवस्यक पर्नेमा सो को प्रतिलिपि

(३) न्युनतम शैक्षिक योग्यताको प्रमाण-पत्र

(४) चारित्रिक प्रमाण –पत्रको प्रतिलिपि

(५) सम्बन्धित काउन्सिलको प्रमाण-पत्र (लाइसेन्स) को प्रतिलिपि ,

(६) सम्बन्धित स्थानीय तहमा बसोबास गरेको प्रमाण देखिने कागजातहरु ( जस्तै बिबाह दर्ता आदि ) ।

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

दफा ७ को (ख) संग सम्बन्धित

अनुसूची-७

करार सम्झौता – पत्रको ढाँचा

.........स्थानीय तह

मिति:

च.न :

श्री.......

ठेगाना ........

**बिषय : करार सेवामा नियुक्त गरिएको सम्बन्धमा ।**

तपाईलाई मिति २०८.../../...को निर्णयानुसार सूचीकरण गरिए बमोजिम बिधालय नर्स पदका लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम मिति २०८.../..../.... देखि २०८../.../.....सम्म करार सेवामा नियुक्त गरिएको छ । उक्त पदमा संलग्न कार्य सर्त अनुरुप आफ्नो काम इमान्दारीपुर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन् जानकारी गराइन्छ ।साथै आफ्नो कर्तव्य पालना गर्दा यस प्रतापपुर गाउँपालिका र विद्यालयका कर्मचारीले पालना गर्नुपर्ने आचारसंहिता तथा आचरणको समेत परिपालना गर्नुहुन् जानकारी गराइन्छ । बिद्यालय नर्स पदमा करार सेवामा नियुक्त हुनुभएकोमा तपाईलाई हार्दिक बधाई छ ।

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ :

श्री ......आधारभूत बिधालय /माध्यमिक बिंधालय ....... सम्झौता अनुसारको कामकाज गराउनुहुन् साथै हाजिरको व्यवस्था गराउनुहुन् ,

श्री आर्थिक प्रशासन शाखा,प्रमाणित सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम मासिक रुपमा उपलब्ध गराउनु हुन् ।

उमेश चन्द्र यादव

अध्यक्ष

प्रमाणीकरण

# सुसूचित मन्जुरिनामा

श्री............... विद्यालय...................यस विद्यालयको कक्षा .... मा अध्ययनरत मेरो छोरा/छोरी................. यस लाई विद्यालयमा रहदा/बस्दा वा पठनपाठनको क्रममा हुन सक्ने घाउ चोटपटक वा अन्य भवितव्य दुर्घटना हुदा आवश्यक पर्ने प्राथमिक उपचार र प्रेषण गर्न अनुमती दिएको छु र सो क्रममा कुनै किसिमको परेमा विद्यालय परिवार उपर कुनै उजुर वाजुर गर्ने छैन भनी मेरो यो मन्जुरीनामा लेखी सहीछाप गरिदिएको छु।

**अभिभावकको औंठाको छाप**

दायाँ....................
बायाँ....................

उमेश चन्द्र यादव
अध्यक्ष

प्रमाणीकरण

अभिभावकको

सही.......................

नाम, थर........................

ठेगाना..................

मिति.........................

सम्पर्क नं.................

मन्जुरीनामा गराउने कर्मचारीको............................

सही.........................

नाम...........................

मिति...............................

दफा ७ को (क) संग सम्बन्धित

अनुसूची-८

**बिधार्थीको स्वास्थ्य सम्बन्धि अभिलेख**

मिति.....................समय..................विद्यालयको नाम
.....................................................

विरामी विद्यार्थीको नाम.........................................ठेगाना.................................
उमेर................वर्ष...............लिङ्ग म/पु/अ ...............कक्षा............सम्पर्क नं................

क) विरामीको स्वास्थ्य स्थिति

| Temperature तापक्रम | Pulse rate नाडीको गति | Respiratory rate श्वासदर | Blood pressure रक्तचाप | Weight वजन | Height उचाई |
|---|---|---|---|---|---|
| | | | | | |

ख) स्वास्थ्य
समस्या/लक्षणहरू:.................................................................................................

ग) प्रेषण पूर्व प्राप्त गरेको उपचार/सेवाहरू
(औषधी)......................................................................

घ) प्रेषण गरिनुको
कारण:...........................................................................................................

ङ) अन्य केही जानकारी
भए...........................................................................................................
श्री.................................................................................................................

उपरोक्त विवरण भएको विद्यार्थीलाई आवश्यक सेवाका लागि त्यहा पठाइएको छ। सम्पर्कमा आएपछि फिर्ती जानकारी पठाइदिनुहन अनुरोध छ ।

**प्रेषण कर्ता**

सही..........................नाम..........................................पद.............सम्पर्क नं..............................

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणीकरण

सेवा दिएको विवरण तथा फिर्ती जानकारी

मिति..........................................................................

फिर्ती जानकारी पठाइएको

विद्यालय..........................................................................

सेवाग्राही विद्यार्थीको

नाम..........................................................................ठेगाना......................

उमेर ..................वर्ष...................लिङ्ग म/पु/अ .............कक्षा.........................सम्पर्क

नं.................

सम्पर्क गर्न आएको मिति............................दिइएको

उपचार/सेवा/औषधी.......................................

फिर्ती जानकारी दिनेको नाम..................................पद......................................

फिर्ती जानकारी दिने स्वास्थ्य संस्थाको

नाम..........................................................................

ठेगाना............................................सम्पर्क नं..................................................

प्रमाणित

(दफा ९ को (ख) सँग सम्बन्धित )

## अनुसूची- ९

## मासिक प्रतिबेदन

.................स्थानीय तह ..........महिनाको प्रतिबेदन मितिः-..................

जम्मा बिधार्थी संख्या :

बिद्यालय को नाम :

बिद्यालय नर्स को काम :

ठेगाना :

| क्र.स | बिद्यालय स्वास्थ्य कार्यक्रममा गरिएका क्रियाकलापहरुको बिस्तृत विवरण | कति जनालाई गरिएको | कैफियत |
|---|---|---|---|
| १ | आकास्मिक स्वास्थ्य सेवा | | |
| २. | बिद्यार्थीहरुको सामान्य स्वास्थ्य परिक्षण | | |
| ३. | शिक्षक तथा कर्मचारीहरुको सामान्य स्वास्थ्य परिक्षण | | |
| ४. | एन्थ्रोपोमेट्रिक मेजरमेन्ट | | green,yellow and red |
| ५. | पोषण सम्बन्धि परामर्स | | |
| ६. | पोषणको अवस्था सुधार भएको | | |
| ७. | निशुल्क sanitary pad बितरण | | |
| ८. | चेतनामुलक कार्यक्रमहरु | | |
| ९. | मानसिक स्वास्थ्य सम्बन्धि परामर्स सेवा | | |
| १०. | जीवनशैली सँग सम्बन्धित परामर्स | | |
| ११. | आवस्यकता अनुसारको प्रजनन स्वास्थ्य सेवा | | |
| १२. | प्रेषण कार्य | | |
| १३. | बैठकहरू | | |
| १४ | अन्य कार्यहरु | | |

बिद्यालय नर्स को नाम :

सुझावहरुः- (मासिक प्रतिबेदन प्रत्येक महिनाको ७ गते भित्र सम्बन्धित बिधालयमा बुझाउनु पर्नेछ । अन्य थप कुराहरु पनि समावेश गर्न सकिनेछ ।

उमेश चन्द्र यादव
अध्यक्ष
प्रमाणित